

## सरकारी पैसा खर्च नगरी फिर्ता हुन सक्छ सहकारीपीडितको निक्षेप

बद्रीकुमार गुरागाई

२

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com



**सूचना ! सूचना ! सूचना !**

श्री धनेश्वर महादेव पाञ्चायन संरक्षण समिति दमक-५ झापाको यही मिति २०८२ चैत्र २८ गते शनिबारका दिन **८ औं वार्षिक साधारणसभा** संस्थाको सभाहलमा यहि मिति २०८२ चैत्र २८ गते शनिबारका दिन दिउँसो ११ बजे हुने भएको हुँदा सम्पूर्ण संस्थाका सदस्यज्यूहरुलाई उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**अध्यक्ष**

**श्री धनेश्वर महादेव पाञ्चायन संरक्षण समिति** (दमक-५, झापा)



❑ वर्ष-२१ ❑ अंक - ९८ ❑ २०८२ चैत्र २१ गते शनिबार ❑ Saturday, 04 April 2026 ❑ मूल्य ७ /-


# खोला ठेक्का नलागेपछि चोरी निकासी बढ्यो

पूर्वसन्देश समाचार

**दमक/** निर्माण कार्यका लागि आवश्यक खोलाजन्य सामाग्री उत्खनन्का लागि ठेक्का नलाग्दा चोरी निकासी हुने गरेको पाईएको छ । दमक स्थित रतुवा खोलाबाट समेत यस्ता गतिविधि बढेपछि नगरपालिका र प्रशासनले दोहन रोक्न निगरानी बढाएका छन् ।

नगरपालिकाले यस्ता गतिविधि रोकथामका लागि प्रहरी प्रशासनसँग समेत आग्रह गरेको छ । नगरपालिकाका प्रमुख रामकुमार थापाका अनुसार पटक पटक सुचना आह्वान गर्दा समेत खोलाजन्य सामाग्री निकासीका लागि ठेक्का लाग्न सकेको छैन । ठेक्का प्रक्रिया समयमै नलाग्दा केही व्यक्तिहरूले यस अवस्थाको दुरूपयोग गर्दै नदीबाट बालुवा, गिट्टी लगायतका सामग्री अनधिकृत रूपमा उत्खनन् गरी ढुवानी गर्ने गरेको सुचना पाए पछि नियन्त्रणका लागि नगरप्रहरी समेत परिचालन गरिएको उनले जनाए । नगरप्रमुख थापाले भने, 'यस समस्यालाई नियन्त्रण गर्न दमक नगरपालिका सक्रिय रूपमा अघि बढेको छ । नगरपालिकाले नियमित अनुगमनलाई तीव्रता दिएको छ र अवैध रूपमा ढुवानीमा संलग्न केही सवारी साधनलाई नियन्त्रणमा लिएको छ ।' यस कदमले गैरकानुनी क्रियाकलापमा संलग्न व्यक्तिहरूलाई सचेत गराउने र नियन्त्रणमा समुदायको पनि सहभागीता बढ्ने अपेक्षा गरिएको उनले जनाए ।

समयमानै ठेक्का नलाग्दा र जथाभावी उत्खननले वातावरणमा गम्भीर असर पार्ने चुनौती समेत रहेको छ । जथाभावी उत्खनन्ले नदीको प्राकृतिक बहावमा अवरोध आउनु, भूक्षय बढ्नु, जलचर तथा आसपासका बासिन्दाको जीवनमा नकारात्मक प्रभाव पर्नु जस्ता समस्या देखा पर्न सक्छन् । त्यसैले, स्थानीयबासी, प्रशासन र सर्वसाधारण सबैले मिलेर यस्ता अवैध गतिविधि रोक्न आवश्यक रहेको प्रमुख थापाले बताए । जिल्ला प्रशासन कार्याल तथा जिल्ला प्रहरी कार्यालयको नेतृत्व, जिल्ला समन्वय समिति प्रमुख सहित नगरपालिकाको संयुक्त टोलीले खोला क्षेत्रको अनुगमन गरेको थियो ।

मावाखोला तर्फ भने मिक्लाजुङ् गाउँपालिका र उर्लाबारी नगरपालिकाले ठेक्का लगाएको जनाईएको छ । यता रतुवा खोला तर्फ भने कमल गाउँपालिका र दमक नगरपालिकाले ठेक्का लगाउनु पर्ने हो । तर चार पटक सुचना प्रकाशित गर्दा पनि ठेक्का नलाग्दा नगरपालिका गम्भिरतापूर्वक लागेको दमक नगरप्रमुख थापाले जनाए । ठेक्का नलागेको अवधी सम्म अवैध उत्खनन्का लागि जिल्ला प्रहरी कार्यालयसँग समेत सहयोगका लागि अग्रह गरिएको उनले जनाए । अमानतबाट खोलाजन्य सामाग्रीको राजश्व उठाउन समेत नपाईने र हाल सम्म ठेक्का समेत नलागेको अवस्था भएकाले अवैध कार्य नियन्त्रणका लागि नगरपालिका क्रियाशिल रहेको उनले बताए । खोलाबाट अवैध रूपमा सामाग्री निकाल्ने कार्य रोक्न नगरबासी, टोल विकास संस्था,

बाँकी ४ पेजमा ▸▸

## सात दिनमा समातिए सात 'भिआईपी'



केपी ओली, रमेश लेखक, दिपक खड्का, छवि रिजाल, दिपक भट्ट, कर्ण ब. मल्ल, रेखा शर्मा

**दमक/** सुशासन स्थापनामा आक्रामक देखिएको सरकारले काम शुरू गरेको सात दिन भित्रमा सात उच्च पदस्थ तथा 'भिआईपी' हरूलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएको छ । यसका पूर्व सरकार प्रमुख देखि उच्च पहुँचका व्यापारी सम्म छन् ।

सुधन गुरूङ्ले गृह मन्त्रालयको जिम्मोवारी सम्हाले देखिनै पहुँचवालाहरू अनुसन्धानको दायरामा आउने क्रम बढेको हो । उनले जिम्मेवारी सम्हालेकै भोलिपल्ट शनिबार पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री तथा कांग्रेस नेता रमेश लेखक पक्राउ परे । उनीहरूमाथि ज्यानसम्बन्धी मुद्दामा अनुसन्धान भइरहेको छ । पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको २३ र २४ भदौको घटना छानबिन गर्न बनेको उच्चस्तरीय जाँचबुझ आयोगले दोषी ठहर गर्दै कारबाही सिफारिस गरेको थियो । उक्त आयोगको प्रतिवेदन कार्यान्वय गर्ने निर्णय सरकारले गरेलगत्तै ओली, लेखक पक्राउ परे । त्यसै दिन अर्का उच्च पदस्थ व्यक्ति पक्राउ परे । नेकपा एमालेका कर्णालीका नेता कर्णबहादुर मल्ल पक्राउ परे । मुगुको सोरू गाउँपालिका-१० घर भइ हाल काठमाडौंको चन्द्रागिरी नगरपालिका-७ बस्ने ५२ वर्षीय बलात्कार आरोपमा समातिए । पीडित महिलाले फागुन ५ गते प्रहरीमा उजुरी दिएकी थिइन् । तर मल्ल पक्राउ नपरेको भन्दै ती महिला माइतीघरमा अनसन बस्दै आएकी थिइन् । उनीहरू तीन जना पक्राउ परेको भोलिपल्ट १५ चैतमा कांग्रेस नेता तथा पूर्वऊर्जा मन्त्री दीपक खड्का पक्राउ परे । गृहमन्त्री सुधन गुरूङले निवासबाट बरामद भएको रकमको अनुसन्धानका लागि दीपक खड्का पक्राउ परेको बताएका थिए ।

पूर्वऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री खड्का धुम्बाराहीस्थित आफू बसेको अपार्टमेन्टबाट समातिएका थिए । उनलाई पनि सीआईबीले नै

बाँकी ४ पेजमा ▸▸

## सभामुखमा अर्याल निर्विरोध



**दमक/** प्रतिनिधि सभाको सभामुखमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डीपी अर्याल निर्विरोध निर्वाचित भएका छन् । सभामुखमा एकल उम्मेदवारी परेपछि अर्याल निर्विरोध भएका हुन् । शुक्रबार दिउँसो २ बजेसम्म उम्मेदवारी दर्ताको समय तोकिएको थियो । तोकिएको समयभित्र अर्यालको मात्रै उम्मेदवारी परेको संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले बताए ।

प्रवक्ता गिरीका अनुसार, अब चैत २२ गते बस्ने प्रतिनिधि सभाको बैठकमा सभामुखको उम्मेदवारीबारे प्रस्ताव पेश गरिनेछ । त्यसलाई प्रतिनिधि सभाको बैठकले पारित गरेपछि अर्याल सभामुख निर्वाचित भएको घोषणा गरिनेछ । शुक्रबार दिउँसो अर्यालले उम्मेदवारी गरेका थिए । अर्यालको उम्मेदवारीको प्रस्तावक रास्वपा सभापति रवि लामिछाने र समर्थकमा सांसद स्वर्णिम वाग्ले, सोविता गौतम र सुनिल लम्साल रहेका छन् ।

## नेपालीको शव ल्याउन सकस


**दमक/** परराष्ट्र मन्त्रालयले इजरायल-अमेरिका र इरानबीच जारी युद्धका कारण मध्यपूर्वमा विभिन्न कारणले मृत्यु भएका ३८ जना नेपाली नागरिकको शव स्वदेश ल्याउन ढिलाइ भएको जनाएको छ ।

शुक्रबार मन्त्रालयमा आयोजित प्रेस ब्रिफिङ्मा बोल्दै प्रवक्ता लोकबहादुर क्षेत्रीले युद्धका कारण उडान प्रभावित हुँदा शव ल्याउन ढिलाइ भएको जानकारी दिए। प्रवक्ता क्षेत्रीका अनुसार, रियादमा १७, दुबईमा १५, जेद्दामा ५, आबुधाबीमा ४, तेल अभिभमा ३, कतारमा २ तथा ओमान र बहराइनमा १-१ गरी ३८ शव नेपाल ल्याउन बाँकी छ ।

## नेताहरुलाई फूल दिएर खवरदारी

काठमाडौं/ नेकपा एमाले सम्वद्ध युवाहरूले शिर्ष नेताहरूलाई फूल दिएर खबरदारी गरेका छन् । पार्टी मुख्यालयमा व्यङ्ग्यात्मक प्रदर्शन गरेका युवाहरूले सचिवालय सदस्य बैठकमा सहभागी हुन पुगेका नेताहरूलाई फुल दिएर स्वागत गरेका हुन् । उनीहरूले पार्टी नेतृत्वका लागि समेत दवाव दिएका छन् । उनीहरूले नेतृत्व परिवर्तन हुनुपर्ने भन्दै नेताहरूलाई फूल दिएका हुन् । यसअघि संसदीय दलको नेतामा रामबहादुर थापा बादललाई चयन गरेपछि पार्टीका युवाहरूले निरन्तर विरोध गरिरहेका छन् । उनीहरूले संसदीय दलको नेतामा सुहाङ नेम्वाङलाई चयन नगरेको भन्दै सोही दिन विरोध प्रदर्शन गरेका थिए ।

## साम्पाङ बने संसदीय दलको नेता



**दमक/** श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई (हर्क साम्पाङ) पार्टीको संसदीय दलको नेतामा चयन भएका छन् । साम्पाङले बिहीबार प्रतिनिधिसभाको बैठकलाई गरेको सम्बोधनको पत्रमा साम्पाङलाई अध्यक्ष तथा संसदीय दलको नेता भनिएको छ । साम्पाङले बिहीबार प्रतिनिधिसभाको पहिलो बैठकमा २७ बुँदे लिखित पत्र पढेर सुनाएका थिए । सोही पत्र उनले आज सार्वजनिक गरेका हुन् ।

## ओलीलाई सोधियो ३५ प्रश्न

**दमक/** हरीको नियन्त्रणमा रहेका पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीसँग अनुसन्धान अधिकृतहरूले बयान लिएका छन् । अधिकृतहरूले उनलाई विभिन्न ३५ प्रश्न गरेका हुन् । भदौ २३ र २४ मा भएको जेनजी आन्दोलन दमन गरेको कसुरमा पक्राउ परेका ओली अहिले त्रिवि शिक्षण अस्पतालमा प्रहरीको घेरामा उपचाररत छन् । अनुसन्धान अधिकृत र अभियोजनकर्ता सरकारी वकिलले अस्पतालमै ओलीसँग बयान लिएका हुन् ।

ओलीसँगको बयान पूरा भएको छ । अनुसन्धान अधिकृतहरूले ओलीलाई ३५ भन्दा धेरै प्रश्न गरेका छन् । उनले भदौ २३ मा काठमाडौँको बानेश्वरमा किशोरहरूको मृत्यु हुनेगरी लेथल हतियारबाट गोली चलाउने आदेश आफूले दिएको अस्वीकार गरेका छन् । अनुसन्धानमा संलग्न

बाँकी ४ पेजमा ▸▸

## कांग्रेस संसदीय दलको नेतामा आङदम्बे पक्का

**दमक/** नेपाली कांग्रेस संसदीय दलको नेतामा पाँचथरका भीष्मराज आङदेम्बे सर्वसम्मत रूपमा चयन हुने लगभग निश्चित भएको छ । पार्टीले उनलाई समानुपातिक सांसदका रूपमा संसदमा ल्याएको छ र अब दलको नेतृत्व सुम्पने तयारी गरेको छ । महामन्त्री गुरूराज घिमिरे का अनुसार आगामी शनिबार बस्ने केन्द्रीय कार्यसम्पादन समितिको बैठकले निर्वाचन समिति गठन गरी प्रक्रिया अघि बढाउनेछ ।

प्रतिनिधिसभा निर्वाचनमा सभापति गगन थापा सहित शीर्ष नेताहरु पराजित भएपछि आङदेम्बेलाई सहमतिमा अगाडि ल्याइएको हो । शेरबहादुर देउवा निकट मानिने आङदेम्बेलाई थापा र विश्वप्रकाश शर्मा समेत समर्थनमा छन् । यद्यपि अर्जुननरसिंह केसी ले पनि दाबी गरे पनि पार्टीभित्र सहमतिको पक्ष बलियो देखिएको छ ।

देउवा र शेखर कोइराला समूहबीच पनि आङदेम्बेलाई नै अघि बढाउने समझदारी बनेको छ । नेता पूर्णबहादुर खड्का र कोइरालाबीचको भेटपछि सहकार्यमा जाने सहमति भएको बताइन्छ। पूर्वसहमहामन्त्री बद्री पाण्डेले पनि

बाँकी ४ पेजमा ▸▸

## सञ्चार मन्त्रालयका दुई निकाय खारेजी प्रक्रियामा

**दमक/** प्रधानमन्त्री कार्यालयले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गतका दुई महत्वपूर्ण निकायहरु विज्ञापन बोर्ड र न्यूनतम पारिश्रमिक निर्धारण समिति खारेज गर्न प्रक्रिया अघि बढाएको छ । सरकारद्वारा गठित शासकीय सुधार तथा सुशासनसम्बन्धी कार्यदलले ती निकायहरूको औचित्य र प्रभावकारितामाथि प्रश्न उठाउँदै खारेजीको प्रक्रिया अघि बढाएको हो ।

अघिल्लो सरकारका पालामा तयार पारिएको सुशासन सम्बन्धी प्रतिवेदन र वर्तमान सरकारको कार्ययोजनाका आधारमा यी निकायहरूको पुनर्संरचना वा खारेजीको प्रक्रिया अघि बढाइएको हो ।

## अग्रिम भर्ना सूचनामा सर्वोच्चको अंकुस

**दमक/** सर्वोच्च अदालतले शैक्षिक सत्र सुरु भएपछि मात्रै विद्यार्थी भर्नाको सूचना निकाल्न अन्तरिम आदेश जारी गरेको छ ।

शुक्रबार न्यायाधीश बालकृष्ण ढकालको इजलासले वैशाख १ गतेदेखि शैक्षिक सत्र सुरु भएपछि मात्रै भर्नाका लागि सूचना र कार्यक्रम प्रकाशन गर्न, गराउन भनेर अन्तरिम आदेश दिएको हो ।

शिक्षा विकास तथा मानव स्रोत विका केन्द्र, सानोठिमीले ५ गते प्रकाशित गरेको सूचनामा समेत वार्षिक परीक्षा सञ्चालन गरी सो को नतिजा प्रकाशन पश्चात् नयाँ शैक्षिक सत्र २०८३ सुरू भएपछि भर्ना कार्यक्रम सञ्चालन गर्नु, गराउन निर्देशन दिएको थियो ।

## बर्ड फ्लूका कारण ८५ हजार कुखुरा नष्ट

**झापा/** बर्ड फ्लूको समस्या देखिएपछि कोशी प्रदेशका तीन जिल्लामा करिब ८५ हजार कुखुरा नष्ट गरिएको छ। पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय विराटनगरका वरिष्ठ पशु विकास अधिकृत डा गङ्गाराम यादवका अनुसार बर्ड फ्लू (एच ५एन १) को सङ्क्रमण पुष्टि भएका तीन जिल्लाका २२ व्यावसायिक फार्ममा कुखुरा नष्ट गरिएको हो। प्रदेशका १४ जिल्लामध्ये झापा, मोरङ र सुनसरीमा बर्ड फ्लूको सङ्क्रमण फैलिएको छ।

वरिष्ठ पशु विकास अधिकृत डा यादवका अनुसार मोरङका आठ, झापाका दुई र सुनसरीका १२ फार्ममा बर्ड फ्लूको सङ्क्रमण देखिएको हो। सत्तरी हजार लेयर्स, सात हजार बोइलर प्यारेन्ट, एक हजार बोइलर, चार हजार चल्ला र दुई हजार ३२५ स्थानीय जातका कुखुरा नष्ट गरिएको छ।


**आवश्यकता**

यस लाईफ लाईन अस्पताल प्रा.लि. दमक-५, झापाको प्राङ्गणमा रहेको चमेनागृह संचालन गर्नको लागी ईच्छुक ब्यक्ति/फर्म तथा संस्थाहरुले तपशिलमा उल्लेख कागजात सहित मिति २०८२ चैत्र मसान्त भित्र अस्पतालको प्रशासन शाखामा निबेदन दिनु हुन अनुरोध गरिन्छ ।

**तपशिल संलग्न गर्नुपर्ने कागजातहरु**

१. ब्यक्ति/फर्म वा संस्थाको स्थायी लेखा नम्बर ।
२. ब्यक्ति/फर्म वा संस्थाको नागरिकता, दर्ता कागजातहरु
३. क्यान्टिन प्रयोग गरे वापत ब्यक्ति/फर्म वा संस्थाले कबुल गरेको मासिक भाडा दर रकम खुलाउनु पर्नेछ ।

**लाईफ लाईन अस्पताल प्रा.लि.**
दमक-५, (झापा)



**दमक नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, दमक-झापाको

**व्यवसायी करदाताहरूको लागि सूचना**

दमक नगरपालिकाको मिति २०८२।१२।०६ गते बसेको १८ औं नगर सभाले आर्थिक ऐन, २०८२ (पहिलो संशोधन) बाट व्यवसाय दर्ता, नविकरण तथा बन्द गर्ने सम्वन्धमा तपशिल अनुसार गर्ने गराउने निर्णय भएकोले सम्वन्धित सवै करदाताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. व्यवसायकर चालु आर्थिक बष २०८२/०८३ को बैसाख मसान्त भित्र बुझाउदा १० प्रतिशत छुट दिईनेछ ।
२. लामो समय देखि व्यवसायकर बक्यौता रहेको र हाल व्यवसाय बन्द रहेको अवस्था भए चालु आ.ब. २०८२/०८३ को बैसाख मसान्त भित्र कर बुझाउदा पछिल्लो ३ आर्थिक बर्षको व्यवसाय कर लिई सोमा लाग्ने जरिवाना र बांकी अवधिको व्यवसायकर मिनाहा गरीने छ ।
३. लामो अवधि देखी व्यवसायकर बुझाउन बांकी रहेका व्यवसायी करदाताहरुले मिति २०८३ साल बैसाख मसान्त सम्म आर्थिक बर्ष २०७८।०७९ सम्मको व्यवसाय करको बक्यौतामा करदाताहरु लाई लाग्ने जरिवाना छुट दिइनेछ ।
४. अन्य निकायमा चार बर्ष अघि देखि इजाजत तथा अनुमति लिएका व्यवसायिक फर्म तथा कम्पनीहरुले दमक नगरपालिकामा चालु आ.ब. २०८२।०८३ को बैसाख मसान्त भित्र दर्ता प्रकृयामा आए पछिल्लो चार बर्षको मात्र एकमुष्ठ व्यवसाय कर लिई त्यसमा लाग्ने सम्पूर्ण जरिवाना मिनाह गरिने छ ।

थप जानकारीको लागि दमक नगरपालिका, राजश्व प्रशासन शाखा र सम्वन्धित वडा कार्यालयमा सम्पर्क राखी सम्वन्धित वडा कार्यालयमा राजस्व, कर समयमा नै बुझाउनु हुन अनुरोध छ ।

संस्मरण



# संस्कृति : सानो विमर्श

डा. तुलसी भट्टराई

संस्कृति कुनै पनि समाज वा देशको उत्थानको पर्याय हो । मानसिक उत्थानभित्र : भाषा, साहित्य, कला, धर्म, दर्शन, शिक्षा आदि सबै कुरा पर्दछन् । यी सबैका बीचमा एउटा चिन्तन परम्परा रहेको हुन्छ । संस्कृतिमा धर्मसँग आध्यात्मिक प्रगति समेत जोडिएर आउँछ । सभ्यता र संस्कृति मानव समुदायको विकाससँगसँगै विभिन्न युग र समयका विषयवस्तुलाई समेट्तै आजसम्म आइपुगेको हो ।

साधारणतया सभ्यता र संस्कृति युगल जोडीजस्तै प्रयोगमा ल्याइने गरिन्छ । सभ्यतालाई शरीर र संस्कृतिलाई आत्माका रूपमा स्वीकारिने गरिएको छ । सांस्कृतिक मूल्यप्रति समाजको आस्था रहेको हुन्छ । यही सामाजिक आस्थाकै कारण सांस्कृतिक मूल्य मान्यतामा व्यक्ति विशेषले परिवर्तन गर्न गराउन निकै ठूलो संघर्ष गर्नुपर्छ ।

हाम्रो दैनिक व्यवहार, चालचलन, भाषाका केही निश्चित रूढ शब्दहरू एवं कतिपय मूल्य मान्यताहरूमा समेत संस्कृति अन्तर्निहित हुन्छ । सामाजिक र पारिवारिक विधि नियमहरूमा संस्कृतिले प्रवेश गरेको हुन्छ । जसलाई राज्यले पनि हटाउन, तोड्न सक्तैन । सामाजिक, पारिवारिक हुँदै व्यक्तिविशेषको दैनिकीसम्म पुगेर संस्कारका रूपमा संस्कृतिको पुनर्जन्म हुन्छ । यस्ता संस्कारहरू व्यक्तिले समाजको डरका कारण पालना गर्नेगर्छ । सामाजिक मान्यता प्राप्त यस्ता साँस्कृतिक विषयहरू नैतिक, आचारगत मूल्य, दर्शन, धर्म, आदर्शका रूपमा क्रमश : रूपान्तरित हुँदै पुस्ता-पुस्तामा सर्दै आएका हुन्छन् ।

संस्कृति शब्द अंग्रेजीको ऋगतिगचभ को पर्याय बनेको छ । ऋगतिगचभ को सम्बन्ध ऋगतिष्खबतष्यल सँग जोडिन्छ । कल्टिभेसन भनेको खेती हो । 'खेती' मानव विकासको प्रमुख आधार हो । यही खेती अर्थात् कृषियुगमा नै मानवले सर्वाङ्गीण उन्नति गरेको हुँदा संस्कृतिको पनि विकास भयो । साथै संस्कृतिलाई चित्तवृत्ति भूमिको खेती पनि भनिएको छ । संस्कृतिको सम्बन्ध मानिसको मन, हृदय, मस्तिष्क, इच्छा, आकांक्षा र बुद्धिसँग रहेको हुन्छ । त्यस कारण मानिसको स्वाभाविक प्रवृत्ति, शक्ति र परिष्कारको परिचायकका रूपमा संस्कृति स्थापित भएको हो ।

संस्कृति– सम् उपसर्ग र कृ धातुको योगबाट बनेको हो, जसको अर्थ शुद्ध र परिष्कृत गर्नु भन्ने हुन्छ । त्यसैकारण संस्कृति मनुष्यका विभिन्न साधनाहरूको सर्वोत्तम उपलब्धिका रूपमा स्थापित छ । मानिसको प्राकृत रागद्वेषलाई परिमार्जन गर्ने आन्तरिक संचेतना हो– संस्कृति । यसरी कुनै पनि देशको सामाजिक, साहित्यिक, कलात्मक, राजनीतिक एवं वैज्ञानिक उन्नति त्यहाँको संस्कृतिमाथि निर्भर रहेको हुन्छ ।

जीवनका विभिन्न रूप समूहबाट संस्कारको जन्म हुन्छ । संस्कारको प्रभाव मनुष्यका मनमा पर्दछ । अनि यस्तै संस्कारगत व्यवहारहरूको समन्वयबाट संस्कृति निर्माण हुन्छ । संस्कृति कुनै एक व्यक्तिबाट निर्मित हुँदैन । यो मानवको सामूहिक आस्था र निष्ठाबाट बनेको हुन्छ । त्यसैकारण संस्कृतिले मनुष्यको मानसिक, शारीरिक एवं आत्मिक शक्तिको विकास गर्दछ । यही शक्तिद्वारा मानिस आˆनो जीवनमा सफलता प्राप्त गर्दैजान्छ ।

विश्वका अथवा एउटै देशभित्रका- प्रत्येक जातजातिभित्र आफआˆनो छुटै भौगोलिक र वंशगत परिवेश र परिचय हुन्छ । छुट्टै रूचि, बोध, विश्वास, आस्था, विचार, आचरण एवं रितिरिवाज हुन्छन् । अनि यसै अनुरूपको संस्कृति निर्माण भएको हुन्छ । त्यसैकारण देश, काल, समाज, जातिअनुसार भिन्नभिन्न संस्कृतिको विकास भएको हो । आचरण, व्यवहार, देशकाल, भाषा, धर्म आदिद्वारा संस्कृति निर्माण हुने भएकाले बहुल संस्कृतिको विकास भएको हो । क्रमशः

# सरकारी पैसा खर्च नगरी फिर्ता हुन सक्छ सहकारीपीडितको निक्षेप



✍ बद्रीकुमार गुरागाई

नेपालको सहकारी आन्दोलन सामाजिक अभ्यासबाट जन्मिएको एक महत्वपूर्ण आर्थिक र सामाजिक प्रणाली हो, जसले आधुनिक राज्य संरचना विकास हुनुभन्दा धेरै अघिदेखि नै समुदायमा आˆनो भूमिका निर्वाह गर्दै आएको छ । ग्रामीण क्षेत्रमा औपचारिक बैंकिङ पहुँच सीमित हुँदा किसान, श्रमिक र स्थानीय समुदायले आपसी विश्वास, श्रम र सहयोगमा आधारित बचत तथा ऋण प्रणाली विकास गरेका थिए। यिनै अभ्यासहरु–जस्तै किसान समूह, गुठी र परम्परागत बचत प्रणाली–आजको सहकारी आन्दोलनका ऐतिहासिक आधार बने ।

१९५० को दशकपछि राज्यले सहकारीलाई औपचारिक मान्यता दिएपछि यसले संस्थागत रुप लियो। सहकारी ऐनले "एक सदस्य-एक मत", सामूहिक उत्तरदायित्व र नाफाभन्दा सेवामुखी दृष्टिकोणलाई प्राथमिकता दियो। यसले सहकारीलाई बैंकिङ प्रणालीभन्दा फरक बनायो। जहाँ बैंक पुँजी र जोखिम नियन्त्रणमा केन्द्रित हुन्छ, त्यहाँ सहकारी मानिस र आपसी विश्वासमा आधारित हुन्छ। यही कारण सहकारी ती क्षेत्रमा पनि सफल भयो जहाँ बैंकिङ प्रणाली पुग्न सकेको थिएन ।

सहकारीले ग्रामीण अर्थतन्त्रमा ठूलो परिवर्तन ल्यायो। किसानले कृषि सामग्री किन्न सके, महिला बचत समूहहरु सशक्त बने, र साना उद्यमीहरुलाई आर्थिक अवसर प्राप्त भयो। वित्तीय समावेशीकरणको क्षेत्रमा सहकारीको योगदान अत्यन्त महत्वपूर्ण रह्यो। विशेषगरी महिला, दलित, आदिवासी र आर्थिक रुपमा कमजोर वर्गलाई सहकारीले वित्तीय पहुँच मात्र होइन, आत्मनिर्भरता र सामाजिक पहिचान पनि दिलायो ।

तर, यही विश्वासमा आधारित संरचना समयसँगै कमजोरीमा परिणत भयो। सहकारीहरु विस्तार हुँदै जाँदा तिनले बैंकजस्तै काम गर्न थाले–ठूलो मात्रामा निक्षेप संकलन, कर्जा प्रवाह र ब्याज प्रतिस्पर्धा । तर बैंकसरह नियमन, जोखिम व्यवस्थापन र निगरानी प्रणाली विकास भएन । परिणामतः अर्बौं रूपैयाँ परिचालन गर्ने सहकारी पनि कमजोर नियमनमै सीमित रहे। यसले बचतकर्तामा बैंकजस्तो सुरक्षा अपेक्षा पैदा गऱ्यो, तर प्रणालीसँग त्यस्तो क्षमता थिएन ।

सहकारी संकटलाई केवल केही व्यक्तिको गल्तीका रुपमा बुझ्नु गलत हुन्छ। यो दीर्घकालीन संरचनागत कमजोरी, नीतिगत अस्पष्टता र नियमनको असन्तुलनको परिणाम हो। साना र ठूला सहकारीलाई एउटै कानुनी ढाँचामा राख्नु, नियामक निकायबीच स्पष्ट जिम्मेवारी नहुनु, र आन्तरिक नियन्त्रण कमजोर हुनु मुख्य कारण बने। धेरै सहकारीमा सञ्चालक समितिको अत्यधिक प्रभुत्व रह्यो भने साधारण सभा र लेखा प्रणाली औपचारिकतामा सीमित भए ।

रियल-इस्टेट क्षेत्रमा गरिएको अत्यधिक लगानीले संकटलाई झनै गम्भीर बनायो। बचतकर्ताको रकम अल्पकालीन भए पनि लगानी दीर्घकालीन र अलिकति पनि बजार घट्दा नगदमा रुपान्तरण गर्न नसकिने खालको थियो । बजार सुस्तिँदा सहकारीमा तरलता संकट देखा पर्यो र निक्षेप फिर्ता रोकिन थाल्यो । यस संकटको प्रभाव केवल आर्थिक होइन, मानवीय र सामाजिक पनि छ। बचतकर्ताहरुले शिक्षा, स्वास्थ्य र भविष्यका लागि संचित गरेको रकम अड्किँदा उनीहरुको जीवन योजना नै प्रभावित भयो । मानसिक तनाव, सामाजिक अविश्वास र पारिवारिक समस्या बढेका छन् । यसले लोकतान्त्रिक प्रणालीप्रति नागरिकको भरोसामा समेत चोट पुऱ्याएको छ ।

यस्तो अवस्थामा मूल प्रश्न उठ्छ–निक्षेप कसरी फिर्ता गर्ने? सबै रकम तत्काल फिर्ता गर भन्नु मानवीय रुपमा जायज देखिए पनि नीतिगत रुपमा जोखिमपूर्ण हुन्छ। राज्यले सबै रकम तिर्ने हो भने करदाताको पैसा निजी संस्थाको असफलतामा खर्च हुन्छ। तर राज्यले केही नगर्ने हो भने बचतकर्ता अन्यायमा पर्छन्। त्यसैले समाधान सन्तुलित हुनुपर्छ ।

यही सन्दर्भमा डिपोजिट रिफन्ड ˆयासिलिटी फन्ड (डीआरएफएफ) को अवधारणा महत्वपूर्ण देखिन्छ। यो सरकारी अनुदान होइन, अस्थायी तरलता उपलब्ध गराउने संयन्त्र हो। धेरै सहकारी पूर्ण रुपमा डुबेका छैनन्, तर उनीहरुको पैसा विभिन्न सम्पत्तिमा अड्किएको छ। डीआरएफएफले यही अवस्थालाई ध्यानमा राख्दै प्रारम्भिक चरणमा बचतकर्तालाई केही राहत दिन्छ ।

यस प्रक्रियामा सबैभन्दा पहिले वास्तविक बचतकर्ता पहिचान गर्न डिजिटल प्रणालीमार्फत दाबी प्रमाणीकरण गरिन्छ । त्यसपछि साना र संवेदनशील बचतकर्तालाई प्राथमिकता दिइन्छ। डीआरएफएफबाट सीमित रकम वितरण गरिन्छ, जसले प्रक्रिया सुरू भएको सन्देश दिन्छ ।

डीआरएफएफको विशेषता यसको "रिभल्भिङ" प्रकृति हो । सुरूमा कोषबाट रकम बाहिर जान्छ, तर पछि सहकारीको सम्पत्ति बिक्री, कर्जा असुली र कानुनी कारबाहीमार्फत आएको रकम पुनः कोषमै फर्किन्छ । यसले दीर्घकालीन रुपमा सरकारी ढुकुटीमा भार नपार्ने सुनिश्चित गर्छ ।

सम्पत्ति व्यवस्थापन कम्पनीमार्फत सहकारीका जग्गा, भवन र परियोजनालाई व्यवस्थित रुपमा बिक्री वा पुनर्संरचना गरिन्छ। साथै, दुरुपयोगमा संलग्न व्यक्तिहरुबाट कानुनी रुपमा सम्पत्ति असुली गरिन्छ। यसले निक्षेप फिर्ता प्रक्रिया दिगो बनाउँछ।

अन्ततः निष्कर्ष स्पष्ट छ–समस्याग्रस्त सहकारीका बचतकर्ताको निक्षेप सरकारी पैसा खर्च नगरी पनि फिर्ता गर्न सकिन्छ। तर यसको लागि पारदर्शिता, न्यायसंगत प्राथमिकता र कडा उत्तरदायित्व आवश्यक छ। सहकारी संकट केवल चुनौती होइन, सुधारको अवसर पनि हो । यदि सही नीति र प्रणाली लागू गरियो भने सहकारी आन्दोलन पुनः विश्वासयोग्य बन्न सक्छ, जुन आजको सबैभन्दा ठूलो आवश्यकता हो ।

चार्टर्ड एकाउन्टेन्ट गुरागाई राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत हुन् ।

विज्ञान प्रवृधि

# मान्छे बोकेर उडेको क्याप्सुल सोमबार चन्द्रमा पुग्ने

**एजेन्सी**/ मान्छे बोकेर पृथ्वी छाडेको 'ओरिएन क्याप्सुल' सोमबार पुग्नेछ चन्द्रमा नजिक मान्छे बोकेर पृथ्वी छाडेको 'ओरिएन क्याप्सुल' सोमबार पुग्नेछ चन्द्रमा नजिक करिब पाँच दशकपछि मानवयुक्त अन्तरिक्ष यात्रा पृथ्वीभन्दा बाहिर निस्कँदै चन्द्रमातर्फ अघि बढेको छ। नासाको आर्टेमिस द्वितीय मिसनअन्तर्गतका अन्तरिक्ष यात्रीहरूले एक दिन पृथ्वी वरिपरि परिक्रमा गरेपछि इन्जिन प्रज्वलन गर्दै चन्द्र यात्राको ऐतिहासिक चरण सुरु गरेका छन्।

लिफ्टअफ भएको झण्डै २५ घण्टापछि गरिएको 'ट्रान्सलुनर इग्निसन' सफलतापूर्वक सम्पन्न भएसँगै तीन अमेरिकी र एक क्यानाडाली अन्तरिक्ष यात्री बोकेको ओरिएन क्याप्सुल पृथ्वीबाट बाहिर निस्केर करिब दुई लाख ५० हजार माइल (चार लाख किलोमिटर) टाढा रहेको चन्द्रमातर्फ अघि बढेको छ।

नासाका अधिकारी लोरी ग्लेजले सन् १९७२ मा अपोलो १७ पछि पहिलोपटक मानिसहरूले पृथ्वी छाडेको घोषणा गरे।

इन्जिन प्रज्वलन पूर्ण रूपमा सफलतापूर्वक सम्पन्न भएको बताउँदै क्यानाडाली अन्तरिक्ष यात्री जेरेमी ह्यानसेनले पृथ्वीबाट टाढिँदै गर्दा देखिएको दृश्यलाई 'अभूतपूर्व' भनेका छन्। उनका अनुसार चालक दलका सदस्यहरू झ्यालमै टाँसिएर पृथ्वीलाई टाढिँदै गरेको हेर्दा भावुक भए। नासाले सुरक्षाको दृष्टिले चन्द्र यात्राअघि एक दिन पृथ्वीनजिकै राखेर क्याप्सुलको जीवन समर्थन प्रणाली परीक्षण गरेको थियो। त्यसपछि मात्र चन्द्रतर्फको पूर्ण यात्रा अनुमति दिइएको हो।

यो परीक्षणलाई उडान नासाको दीर्घकालीन चन्द्र योजना स्थायी आधार स्थापना र भविष्यमा निरन्तर मानव उपस्थितिका लागि महत्त्वपूर्ण आधार मानिएको छ।

कमान्डर रिड वाइजम्यान, पाइलट भिक्टर ग्लोभर, क्रिस्टिना कोच र ह्यानसेनले चन्द्रमाको नजिक पुगेर त्यसभन्दा पारि घुमेर पुनः पृथ्वी फर्कने योजना बनाइएको छ। यस क्रममा उनीहरूले सन् १९७० को अपोलो १३ ले बनाएको दूरीको कीर्तिमान तोड्ने अपेक्षा गरिएको छ।

साथै अप्रिल १० मा पृथ्वीमा फर्किंदा सबैभन्दा तीव्र गतिमा पुनः प्रवेश गर्ने सम्भावना पनि छ। यो मिसनले इतिहासमा नयाँ आयाम थपिसकेको छ।

ग्लोभर, कोच र ह्यानसेन क्रमशः पहिलो अश्वेत, पहिलो महिला र पहिलो गैरअमेरिकी अन्तरिक्ष यात्रीका रूपमा चन्द्र यात्रामा सहभागी भएका हुन्। यसअघि अपोलो कार्यक्रमअन्तर्गत चन्द्रमा पुगेका २४ जना सबै श्वेत पुरुष थिए।

ग्लोभरले पृथ्वीलाई अन्तरिक्षबाट हेर्दा सम्पूर्ण मानव एउटै देखिने उल्लेख गर्दै एकताको सन्देश दिए।

'हामी सबै एउटै प्रजाति हौं', उनले भने।

मिसनको महत्त्वपूर्ण क्षणअघि अन्तरिक्ष यात्रीहरूलाई उत्साहित बनाउन सङ्गीत बजाइएको थियो। त्यसपछि अन्तिम अनुमति दिँदै उनीहरूलाई 'मानव चन्द्र फर्कने यात्रा'को हिस्सा भएको बताइएको थियो।

क्याप्सुलले पृथ्वी र चन्द्रमाको गुरुत्वाकर्षण प्रयोग गर्दै 'फ्रि-रिटर्न' मार्गमा यात्रा गरिरहेको छ, जसमा इन्जिनले २४ हजार माइल प्रतिघण्टाभन्दा बढी गति दिएको छ।

कमान्डर वाइजम्यानले यो यात्रा असाधारण र चुनौतीपूर्ण भएको उल्लेख गर्दै यसको गम्भीरता अहिले मात्र महसुस भइरहेको बताए। उडान निर्देशक जुड फ्रिलिङले पनि यसलाई जीवनमा एकपटक मात्र आउने अवसरका रूपमा व्याख्या गरे।

अर्को महत्पूर्ण चरण सोमबार चन्द्रमाको नजिक पुग्दा हुनेछ। ओरियन क्याप्सुल चन्द्रमाबाट करिब चार हजार माइल (छ हजार चार सय किलोमिटर) नजिक पुगेर त्यसको टाढाको भागको दुर्लभ दृश्य अवलोकन गर्नेछ। साथै अन्तरिक्ष यात्रीहरूले पूर्ण सूर्यग्रहणसमेत देख्न पाउनेछन्।

यसअघि पृथ्वीकक्षमा रहँदा उनीहरूले महादेशहरू, समुद्री किनार र दक्षिण ध्रुवसम्मको दृश्य स्पष्ट रूपमा अवलोकन गरे। कोचले ती दृश्यहरूलाई अत्यन्त प्रभावशाली बताइन्।

नासाले यो मिसनलाई सन् २०२८ मा मानवलाई चन्द्रमामा अवतरण गराउने दीर्घ योजनाअन्तर्गत महत्त्वपूर्ण परीक्षणका रूपमा लिएको छ। यद्यपि उडानका क्रममा केही प्राविधिक चुनौती पनि देखिएका छन्।

ओरियन क्याप्सुलको शौचालयमा समस्या देखिएपछि अन्तरिक्ष यात्रीहरूले वैकल्पिक उपाय अपनाएका थिए। साथै पानी आपूर्ति प्रणालीमा सम्भावित समस्या समाधान गर्न पिसाब भण्डारण झोलालाई पानी भण्डारणका रूपमा प्रयोग गरिएको छ। अन्तरिक्ष यात्रीहरूले चन्द्रमातर्फको यात्राअघि सात लिटरभन्दा बढी पानी सुरक्षित राख्न सफल भएका छन्।

यी साना चुनौतीबीच पनि आर्टेमिस द्वितीयले मानव अन्तरिक्ष यात्राको नयाँ अध्याय सुरु गरेको छ, जसले चन्द्रमामा पुनः मानव उपस्थिति मात्र नभई भविष्यका गहिरा अन्तरिक्ष अभियानका लागि पनि मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको छ। (रासस/एपी)

# कुकुर पाल्दा ध्यान दिनु पर्ने कुरा

*अचेल प्राय: घरमा कुकुर पालेको देख्न पाइन्छ। कुकुर एकदमै बफादार र सहयोगी हुने हुँदा घरमा कुकुर पाल्नु हरेक दृष्टिकोणबाट फाइदाजनक छ। कुकुरलाई घरमा राखेर केही समय बिताएपछि तपाईं त्यो कुकुर घरको सदस्य जस्तो लाग्न थाल्छ। तपाईं त्यो सँग साथी जस्तो व्यवहार गर्न थाल्नुहुन्छ। वास्तवमा कुकुर एकदमै बफादार हुन्छन्। घरमा हुने चोरी लगायतका परिस्थितिमा कुकुरले तपाईंको सहयोग गर्न सक्छ। तर कुकुर पाल्दा केहि कुरामा भने ध्यान दिन आवश्यक छ :*

१) आफ्नो घरको कुकुरलाई आवश्यक कुरा आफैं सिकाउनुहोस्, अरूलाई तालिम दिन लगाउनु खासै ठीक होइन। कुकुरलाई तालिम दिने अनुभवी व्यक्तिबाट कुकुरको तालिमबारे सिक्न सक्नुहुन्छ।

२) कुकुरलाई तालिम, अभ्यास वा कुनै पनि काम गराउँदा माया र नरम बोली प्रयोग गर्नुहोस्। कुकुरसँग रिसाउँदा परिणाम नकारात्मक निस्किन सक्छ।

३) तपाईं केही खाइरहनुभएको छ र नजिकै रहेर कुनै कुकुरले हेरिरहेको छ भने थोरै भए पनि खान दिनुहोस्। यसो गर्दा कुकुर तपाईंसँग निकै खुसी हुनेछ। त्यस कुकुरबाट तपाईंमाथि कहिल्यै खतरा हुँदैन।

४) कुकुरलाई खुर्सानी धेरै राखेर बनाएको पिरो खाना कहिल्यै नदिनुहोस्। मरमसलामा बनाएको खाना दिँदा पनि नराम्रै त गर्दैन, तर नदिएकै राम्रो हुन्छ। खोले, रोटी, भात, दूधमा मुछेको ढिँडो र मासु नै उसले मन पराउने खाना हो। यस्ता खानाले कुकुरको स्वास्थ्यमा फाइदा पनि गर्छ।

५) कुकुरले खाना खाएलगत्तै दिसा गर्न चाहन्छ। त्यसैले खाना खुवाएपछि दिसा गर्ने ठाउँमा लैजानुपर्छ। खोरबाट बाहिर निकाल्दा ढोकामा कोही मानिस या अन्य कुकुर छ-छैन हेर्नुपर्छ। यसैगरी, कुकुरको घाँटीमा पेटी, डोरी ठीक छ-छैन विचार गर्नुपर्छ। कहिलेकाहीँ बाहिर लैजाँदा कुकुर फुत्किएर अरूमाथि आक्रमण गर्न पनि सक्छ।

६) बाँधेर राखेको कुकुर चुँ-चुँ गर्छ भने उसलाई दिसा-पिसाब लागिरहेको रहेछ भन्ने बुझ्नुपर्छ।

७) कुकुरले अघिल्ला दिनमा गरेको दिसाको गन्ध सुँघेर सधैं उही ठाउँमा दिसा गर्न चाहन्छ।

८) घरमा कुकुर पाल्नुभएको छ भने जानिराख्नुहोस्, तपाईं सुत्ने खाटको नजिक या तल सुत्ने ठाउँ बनाइदिँदा ऊ खुसी हुन्छ। कुकुरलाई सकेसम्म जहिल्यै आफ्नो नजिक राख्नुहोस्।

९) कतै जाँदा कुकुरले पछ्यायो या लिएर जानैपर्ने भयो भने गाडीमा उकाल्दा र ओराल्दा विचार पुऱ्याउनुपर्छ। गाडीमा हुने प्वाल या अन्य अप्ठ्यारो ठाउँमा कुकुरको पन्जा फसेर दुर्घटना निम्तिन सक्छ। अन्य भुस्याहा कुकुर पनि बाटो आसपासमा हुन सक्ने भएकाले आफ्नो कुकुरको मुखमा मजल लगाइदिनुपर्छ। सडकपेटीमा हिँडाउँदा तोकिएको साइडमा हिँड्नुपर्छ भने कुकुरलाई आफूभन्दा देब्रेपट्टि राखेर डोऱ्याउनुपर्छ।

१०) कुकुरलाई आवश्यकभन्दा बढी घाममा राख्नुहुँदैन। बिरामी हुने खतरा रहन्छ।

# एन्जिला कलेक्सन सञ्चालनमा

**दमक**/दमक ६ स्थित पूरानो सव्जी वजारमा एन्जिला कलेक्सन विहिबार सञ्चालनमा आएको छ । स्थानीय सामाजिक अगुवा दिपक र एन्जिला बस्नेत दम्पत्तीले शुरू गरेको सो कलेक्सनको पाष्टर सोनाम भुटियाले रिवन काटेर उद्घाटन गरे । कलेक्सन गृहको उद्घाटन गर्दै पाष्टर भुटियाले बस्नेत दम्पत्तीले थालेका यस व्यवसायको सफलताको शुभकामना मन्तव्य राखेका थिए ।

थोरै नाफासंगै सेवाको भावनाबाट समेत यस व्यवसायले सवैको मन जित्न सफल हुने उनले विश्वास व्यक्त गरे ।

एन्जिला कलेक्सनमा खुद्रा तथा होलसेल मूल्यमै थान तथा रेडिमेड लताकपडाहरू उपलब्ध गराउने सञ्चालिका एन्जिला बस्नेत बताउँछिन् । उद्घाटनका अवसरमा सातादिनसम्म कपडा खरिदमा आर्कषक छुटको व्यवस्था गरिएको उनले बताईन् । उनका अनुसार एन्जिला कलेक्सनमा महिला तथा पुरूषका लागि स्वदेशी तथा विदेशी ब्राण्डेड कपडाहरू उपलब्ध हुने छन् । थोरै मुनाफा राखेर शुरू गरिएको उक्त कलेक्सनमा उद्घाटनको पहिलो दिन ठुलो संख्यामा ग्राहकहरूको भिडभाड रहेको थियो ।




## वन्युजन्तुका कारण
# आक्रान्त किसान



**ईलाम/** इलामको पूर्वी भेगमा जंगली जनावरका कारण स्थानीयबासी तथा किसान आक्रान्त भएका छन् । जंगली जनावरले घर गोठान पालेका घरपालुवा पशु चौपया खाईदिने देखि खेलीबाली नष्ट गर्नेक्रम बढे पछि उनीहरू त्रसित बनेका हुन् । किसानले घरमा पालेका र चरनमा लगेका पशु चौपया मार्ने , खाने र लगाईएको बाली नष्ट गर्न थालेपछि किसान लामो समय देखि हैरान बन्दै आएका छन् । इलामको रोङ गाउँपालिका, सूर्योदय नगरपालिका, माईजोगमाई गाउँपालिका र सन्दकपुर गाउँपालिकाका किसान जंगली जनावरको आतंकबाट पीडित बन्दै आएका छन् ।

बाघले पशु चौपया मार्ने, खाने साथै जंगली बँदेल र बादरले खेतीबाली नष्ट गरिदिने गरेका कारण किसान हैरान बनेको सूर्योदय १ का किसान रविन बुढाथोकीले जानकारी दिनु भयो । पछिल्लो समय जंगली जनावरले घरमा पालिएका र चरनमा लगिएका पशु चौपया मार्ने , खाने क्रम बढेको छ ।

रोङ गाउँपालिका ६ रम्म्याङका किसान आश बहादुर राईका २२ वटा वाख्रा चराउनको लागी नजिकको निभीने भिरको जंगलमा छोडीएका मध्ये सात वटा बाख्रा उत्त जंगलमा मरेको अवस्थामा भेटाएको छ । राईका अनुसार अन्य सात वटा बाख्रा हराईरहेका छन् ।

जिल्ला प्रहरी कार्यालय इलामका सूचना अधिकारी लक्ष्मि भण्डारीले प्रहरी समेत लागेर खौज्दा राईका २२ वटा बाख्रा मध्ये आठ वटा मात्र भेटाएको र बाँकी रहेका बाख्रा खोज्ने क्रममा सात वटा बाख्रा जंगलमा मरेको अवस्थामा भेटाएको जानकारी दिए । ती बाख्रा जंगली जनावरको आक्रमणबाट मरेको प्रहरीले जनाएको छ । भण्डारीले प्रहरी चौकी जिर्मलेको सहयोगमा वाँकी बाख्राको खोजी भैरहेको जानकारी दिए ।

यस्तै माईजोगमाई गाउँपालिका-२, खोल्मे का अर्जुन खड्काको बाख्रालाई चितुवाले आक्रमण गरी मारेको छ । खड्काले खोरमा पालेका बाख्रा चितुवाले मारेपछि त्यस क्षेत्रका किसान समेत चिन्तित छन् । जंगली जनावरले भारतसँग सीमा जोडिएका यी चार पालिकामा बर्षौ देखि पशु चौपया र खेतीवालीमा ठूलो क्षती गर्दै आएको छ । भारतको सिंहलिला नेशनल पार्कबाट बन्यजन्तु खुल्ला रूपमा नेपाल प्रवेश गरी क्षती गर्ने गरेका छन् ।

सीमा क्षेत्रबाट बन्यजन्तु रोक्न नपाइने भएका कारण हुल बाढीएर आएका जंगली जनावरले ठूलो क्षति गर्न थालेपछि धेरै स्थानका किसान ती ठाउँ छोडी बसाँई सर्न थालेको पाइएको छ । जंगली जनावरले बर्षेनी क्षति गर्दै आए पनि संम्बन्धित पालिकाले जंगली जनावर नियन्त्रण र क्षती कम गर्ने कुनै कार्यक्रम नल्याएको पाइन्छ । राजनीतिक दलका उम्मेद्ववारले निर्वाचनका समयमा जंगली जनावरको क्षति कम गर्ने र नियन्त्रणका कार्यक्रम ल्याउने भनी घोषणापत्र सार्वजनिक गरे पनि हाल सम्म ठोस काम भने नगरेको पाइएको छ ।

### कविता

## लम्सुवाघाटको बगरमा उभिएर



श्याम लम्साल

लम्सुवाघाटको बगरमा उभिएर
चन्द्रसूर्य स्वरूपमा चम्किरहेका
लि, रामभद्र पाध्येहरूको इतिहास
गौरवमय, पौरखी
जीवन्त इतिहास मुस्कुराइरहेको,
मोतीभैँ टल्किरहेको,
गर्व गर्न लायक इतिहास
आजको हाम्रो पुस्तालाई
कति ज्ञात होला ?
समयको तराजुमा हालेर
इतिहाससँग सोध्नुपर्ने भएको छ
तुर्केदेखि सुर्केसम्मको वीरता र इतिहास
पुर्खाका रगत, पसिनाको मूल्य, मान्यता
आजको हाम्रो पुस्तालाई
कति ज्ञात होला ?
चन्द्रसूर्य अंकित झण्डाको
स्वाभिमानको रक्षा गर्दा आउने आनन्द
बलिपाध्ये, रामभद्रहरूकै, सिर्जना र पुरूषार्थ थिए
माटोका कणकणमा, रगत र पसिनाले सिर्जित
र सिंचित गर्ने शिक्षा, उनै विभूतिहरूको थियो,
स्वाभिमानी, स्वावलम्बी, पौरखी सन्तान
उनीहरूकै सृष्टि र सिर्जना थियो
मकालु हिमालको प्रतिविम्ब बनेर
उच्च शिरको सगर, उनैले ठड्याएका थिए
चेतना, सभ्यता र संस्कृतिको मुहान्
उनैले फुटाएका थिए
त्यसको महत्व हामीले बुझ्यौं कि बुझेनौं ?
चिन्यौं कि चिनेनौं ?
इतिहाससँग सोध्नुपर्ने भएको छ
फेरि एकपल्ट लम्सुवाघाटको बगरमा उभिएर ।

*–दिङ्ला, भोजपुर*

### पुस्तक-साभार

**राजनीतिसँगै राजकाज-कल्याणकारी लोकतन्त्रको प्रस्ताव**



## राजनीतिसँगै राजकाज

रविन्द्र मिश्र

०७५ असार २७ गते म यो स्तम्भ लेख्न बस्दा अन्नपूर्ण पोस्ट दैनिकमा सरकार सञ्चालनसँग सम्बन्धित समाचारका शीर्षक यसप्रकार थिए-

**पृष्ठ एक**

रोकिएन टिपर दादागिरी कानुन कडा, कार्यान्वयन फितलो
चिकित्सक आन्दोलित नियमन नहुँदा रेस्क्यू कालोसूचीमा

**पृष्ठ दुई**

- प्रधानमन्त्री कार्यालयकै काम सुस्त
- रोप्ने टुङ्गो नलाग्दै बिरूवा काट्न हतार

**पृष्ठ तीन**

सहमति नभए प्रक्रियाबाटै विधेयक
केसीलाई काठमाडौं लैजाऊ
सामाजिक सुरक्षाको तीन अर्ब खातामै

माथि उल्लेख गरिएबाहेक एकदुई ओटा समाचार मात्र सरकार सञ्चालनभन्दा फरक विषयसँग सम्बन्धित थिए, त्यो पनि अग्रपृष्ठमा होइन । त्यो दिन या अन्य दिनका पनि पत्रपत्रिका हन्यौं भने हामीले पहार हुन्छन्। यस्तै समाचार हामीले दसौं वर्षदेरु पदै आएका छौ। ती सबै समाचार एउटा कुरा स्पष्ट पार्छ आ नेताहरुमा संसदमा बहुमत होस वा नहोस राज्य सञ्चालन गर्ने इजरा कहिल्यै भएन। राज्य सञ्चालनको बड्ग भइदिएको भए राजनीतिक अस्थिरता आफ्नो ठाउँमा हुँदाहुँदै पनि यस्ता समाचार हामीले पढ्नुपर्ने थिएन ।

उन्तिखित समाचार शीर्षकहरू पढ्दै गर्दा मलाई पूर्वसचिव किशोर थापा र उच्च माध्यमिक शिक्षा परिषद्का पूर्वसदस्य सचिव नारायण कोइरालासँग भएको हालैको एउटा भेटको याद आयो । भेटमा दुबै जनाले एउटा गजबको कुरा भने, 'अब हाम्रा नेताहरूलाई राजनीति होइन, राजकाज सिकाउनुपन्यो । उनीहरूले राजनीति चाहिनेभन्दा बढी जाने, राजकाज पटक्कै जानेनन्। मेरो मनमा तुरुन्तै प्रश्न उठ्यो, 'तपाईंहरू जस्ती प्रशासनको उच्च तहमा पुगेका कर्मचारीले किन केही गर्न सक्नुभएन त ?' कोइरालाले तुरुन्तै जवाफ दिए, 'हामी कति क्षमतावान् थियी या थिएनौ, थाहा छैन । तर प्रशासकहरूको दायित्व राजनीतिक नेतृत्वलाई नियमकानुनको दायराभित्र राख्न प्रयास गर्ने हो । राजनीतिक निर्देशनको पालना गर्ने हो । निर्देशन तोडेर बाहिर जाने होइन । थापाले थपे, त्यसै भएर हामी परिपूरक हुन सक्छौं, प्रधान हुन सक्दैनौ । फरक यत्ति हो कि, इमानदार प्रशासकहरूले भ्रष्टाचार गर्दैनन् । तर भ्रष्टाचारी प्रशासकहरू राजनीतिक नेतृत्वसँगै साँठगाँठ गर्छन् । कोइरालाले फेरि थपे, मैले मन्त्रीको अनुचित दवाबत्तामु झुक्नुभन्दा राजीनामा दिनु बेस भनेर सदस्यसचिवको पदबाट राजीनामा दिएको त्यसै होइन नि ।

उनीहरूको विचार र टिप्पणीसँग असहमत हुने ठाउँ थिएन । तर हाम्रो संवादमा मलाई सबैभन्दा घत परेको शब्द चाहिँ राजकाज नै थियो । राजकाज भन्दा कतिपयलाई राजाले गर्ने कार्य भन्ने पनि लाग्न सक्छ । त्यो पनि गलत होइन । तर उक्त शब्दको दायरा फराकिलो छ । नेपाल प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको नेपाली बृहत् शब्दकोषमा राजकाजको अर्थ देशको शासन सञ्चालनको व्यवस्था, राज्य सञ्चालनको व्यवस्था, राज्य सञ्चालन र ऐनकानुनका आधारमा चलेको सम्पूर्ण शासनकार्य भनेर व्याख्या गरिएको छ । राजनीति देशको शासन सञ्चालनमा पुग्न गरिने प्रतिस्पर्धा हो, जुन हामी स्वच्छ होस् भन्ने चाहन्छौं । तर नेपाल जस्ता देशमा त्यो अत्यन्तै दूषित हुने गरेको छ । त्यही दूषित राजनीति राजकाजमा निरन्तर प्रतिविम्बित हुने गरेको छ ।

प्रधानमन्त्री केपी ओली राजनीति नजानेका मान्छे होइनन् । कस्तो राजनीति जाने, त्यो बहसको छुट्टै पाटो हो । तर उनले आफ्नो पार्टीलाई देशको सबभन्दा ठूलो पार्टी मात्र बनाएनन्, इतिहास नै निर्माण गर्ने गरी देशको अर्को ठूलो पार्टीसँग एकीकरण पनि गरिदिए । एउटाबाहेक सबै प्रदेशमा अहिले उनकै पार्टीको नेतृत्व छ । सङ्घीय संसद्मा सरकारलाई साथ दिने अर्को पार्टीसमेत जोड्दा उनको दुईतिहाइ बहुमत छ । ०४६ बाट ०७५ साल आइपुग्दा ३० वर्षमा झन्डै तीसै पटक सरकारको नेतृत्व परिवर्तन हेरेर दिक्क भएका जनताले संसद्मा दुईतिहाइ बहुमतप्राप्त सरकार पाएपछि राजनीतिक स्थिरता र त्यसैको परिणामस्वरूप विकासको अपेक्षा गरेका थिए । शङ्काको लाभ सबैले दिए। तर रङ्गमञ्चमा लगाएको पहिरन उत्रिन समय लागेन । क्रमशः

# ईन्टरनेटबारे रोचक तथ्य



आधुनिक विश्वको नौलो आविष्कार इन्टरनेट एक कम्प्युटर विद्युतीय प्रविधिद्वारा विकास भएको सूचनाको विश्वव्यापी सञ्जाल हो । यो एक कम्प्युटरहरूको समूह हो, जसको प्रयोगबाट संसारभरका सूचना एकआपसमा आदानप्रदान गर्न सकिन्छ । सन् २००० को दशक यता सूचना प्रविधिको क्षेत्रमा विश्वव्यापी रूपमा आएको द्रुत गतिको परिवर्तनको प्रमुख कारण इन्टरनेट नै हो । यस पटक हामी यहाँ यही इन्टरनेटका रोचक तथ्य र प्रसङ्गका बारेमा केही कुरा गर्ने छौं । आम मानिसका लागि सामान्य बनिसकेको इन्टरनेटको इतिहासबारे केही आश्चर्यजनक तथ्यहरूका बारेमा जानौं, जुन तथ्य धेरै कमलाई मात्र थाहा छ ।

**१. गुगोल बिग्रिएर गुगल :** गुगलको नाम पहिले गुगल (न्ययनभि) थिएन । गुगोल (न्ययनया) बाट बिग्रिएर यसको नाम गुगल (न्ययनभि) रहन गएको हो ।

**२. पहिलो ब्राउजर :** संसारको पहिलो ब्राउजर 'वर्ल्ड वाइड वेब' थियो । बर्नर्स लीले सन् १९९० मा वर्ल्ड वाइड वेब नामबाट ब्राउजरको विकास गरेका थिए, जसलाई अहिले 'नेक्सस' भनेर चिनिन्छ । त्यति बेला इन्टरनेटमा चलाउन यो नै पहिलो र एक मात्र वेब ब्राउजर थियो ।

**३. फेसबुकको रङ नीलो हुनुका कारण :** मेटाका मालिक मार्क जुकरबर्गले आफ्नो आँखाको समस्याका कारण फेसुबकको रङ छनोट गरेका थिए । यसको पछाडि कारण छ त्यो के भने उनलाई 'कलर ब्लाइन्ड' को समस्या छ । उनी रातो र हरियो रङ राम्रोसँग छुटाउन सक्दैनन्, त्यसैले उनले फेसबुकको रङ नीलो बनाएका हुन् ।

**४. इमेल ठेगानमा (एड्रेस) मा २ सिम्बोल :** इमेल एड्रेसमा २ सिम्बोल हुनुको पछाडि निकै रोचक प्रसङ्ग छ । त्यो के भने इमेलको सुरुवातको समयमा २ सिम्बोल निकै कम प्रयोग हुने सिम्बोल भएकाले यसको प्रयोग बढाउन हरेक इमेल एड्रेसमा यसको प्रयोग अनिवार्य गरिएको हो ।

**५. डोमेन दर्ता निःशुल्क :** डोमेन दर्ता गराउन एक हजार रुपियाँदेखि हेरेर माथि शुल्क लाग्छ । अहिले निःशुःक डोमेन प्रयोग गर्न सकिँदैन, नेपालमा डट एनपीबाहेक अरू डोमेन किन्नु पर्छ । यस्ता दिन पनि थिए जहाँ डोमेन निःशुल्क दर्ता गर्न पाइन्थ्यो तर यो धेरै दिन टिकेन सन् १९९५ देखि डोमेन दर्ता शुल्क लिन थालियो ।

**६. वाईफाईको अर्थ :** वाईफाई शब्द धेरैलाई (वायरलेस फाइडलिटी) को छोटो हो भन्ने लाग्न सक्छ । वास्तवमा वाईफाई कुनै शब्दको छोटो रूप भने होइन । सन् १९९७ मा आम उपभोक्ता माझ प्रयोगमा ल्याइएको वाईफाई प्रविधिको पुरानो नाम IEEE802 थियो । यो नाम निकै अप्ठ्यारो भएपछि हाईफाई भन्ने शब्दसँग वाईफाई मिल्ने भएकाले सम्झन सहज हुने भएकाले यसको नाम वाईफाई दिइएको थियो ।

**७. अमेजनको पुरानो नाम :** विश्व प्रसिद्ध ई-कमर्स कम्पनी अमेजनका रूपमा चर्चित कम्पनीको पुरानो नाम 'काडाब्रा' थियो । यो नाम जादुमा प्रयोग हुने 'आब्राकाडाब्रा' शब्दबाट प्रेरित भएर राखिएको थियो । यस शब्दको अगाडिको भाग आब्रालाई छोडेर पछाडिको काडाब्रा भनेर राखिएको नाम थियो । जेफ बेजोसले पछि वकिलको सल्लाहमा कम्पनीको नाम परिवर्तन गरेर अमेजन राखे ।

# विश्वकपको टिकट हाल सम्मकै महङ्गो




सन् २०२६ मा अमेरिका, क्यानडा र मेक्सिकोमा हुने विश्वकप फुटबलको टिकट बिक्री अन्तिम चरणमा पुगेको छ । यसपटक टिकटको मूल्य र बिक्री गर्ने तरिकाले गर्दा फुटबल फ्यानहरू निकै आक्रोशित र अचम्ममा परेका छन् ।

विश्वकप फाइनल खेलको एउटा साधारण टिकटको मूल्य १० हजार ९९० डलर (झण्डै १४ लाख ६० हजार नेपाली रूपैयाँ) सम्म पुगेको छ । फुटबल इतिहासमा आधिकारिक रूपमा बेचिएको यो अहिलेसम्मकै सबैभन्दा महँगो साधारण टिकट मानिएको छ । तुलनाका लागि सन् २०२२ को कतार विश्वकपको फाइनलमा सबैभन्दा महँगो टिकटको मूल्य करिब १६ सय डलर मात्र थियो ।

सुरूमा विश्वकप आयोजक देशहरूले फाइनलको टिकट बढीमा १५ सय ५० डलरसम्म पर्ने बताएका थिए। तर अहिले बिक्री खुल्दा त्यो मूल्य कयौं गुणा बढेर आएको छ। यसलाई फ्यानहरूले 'ठूलो विश्वासघात' भनेका छन् । फिफाले यसपटक 'डायनामिक प्राइसिङ' भन्ने प्रणाली अपनाएको छ। यसको मतलब, टिकटको माग जति धेरै हुन्छ, फिफाले उति नै मूल्य बढाउँदै लैजान्छ। कुन खेलको टिकट कति हो भन्ने कुनै निश्चित दरभाउ छैन, जसले गर्दा फ्यानहरू अन्योलमा परेका छन् । अनलाइनबाट टिकट किन्न खोज्नेहरूले निकै सास्ती भोग्नुपर्‍यो। धेरै मानिसहरू ६ घण्टाभन्दा बढी समय अनलाइन कुरेर बसेका थिए। त्यसमाथि फिफाको वेबसाइटमा प्राविधिक समस्या आएर हजारौं मानिसहरू गलत 'लाइन' मा पुगेका थिए, जसले गर्दा उनीहरूले टिकट पाउने मौका गुमाए ।

### कला/मनोरञ्जन

# पछि सऱ्यो '३६ को आँकडा'

फिल्म '३६ को आँकडा'को प्रदर्शन सार्ने भएको छ । चैत २७ गतेलाई प्रदर्शन मिति तोकिएको फिल्मको प्राविधिक काम अझै बाँकी रहेको कारण फिल्म सर्ने भएको हो । निर्देशक सबिर श्रेष्ठले फिल्मको प्राविधिक काम नसकिएको कारण फिल्मको प्रदर्शन सार्ने बताए । 'फिल्मको अझै ब्याकग्राउड म्युजिक लगायत थुप्रै प्राविधिक काम बाँकी छ । जसले गर्दा फिल्म निर्धारित मितिमा प्रदर्शन गर्न नसकिने भइयो', श्रेष्ठले भने, 'अब काम सकिएपछि निर्माताहरूसँग सल्लाह गरेर मिति तोक्छौं ।'चैत २७ को मितिबाट टसमस नहुने अडानका साथ निर्माण जुटेको फिल्ममा रेखा थापा, पूजा शर्मा, महेश त्रिपाठी, पुष्प खड्का, निरूता सिंहको मुख्य अभिनय छ । यसअघि रेखा र निरूताले फिल्म 'दुई पल'मा अभिनय गरेका छन् । फिल्म रेखा थापाले बनाएकी हुन् ।







आज मिति
२०८२ साल
चैत्र २१ गते
शनिबार
4 April 2026
तिथि: द्वितीय



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्यामपस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | परिश्रम बढी गर्नु पर्ने । अध्ययन क्षेत्रमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मित्रहरुबाट सहयोग । आर्थिक पक्ष सवल । |
| मिथुन | का कि कु घ ङ छ के को हा | गरेका कामहरुमा सफता । पठन-पाठनमा भने मध्यम । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | रोजगारीको अवसर । बोलीको प्रभावबाट काम बन्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | हि हु हे हो डा डि डु डे डो | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |

# सुगम र सुविधा सम्पन्न अस्पतालमा काजमा बस्ने फिर्ता

**दमक/** सरकारले पहुँच र शक्तिको आडमा वर्षौंदेखि सुगम तथा सुविधासम्पन्न अस्पतालमा काज मिलाएर बस्ने प्रवृत्तिविरूद्ध कडा कदम चालेको छ। स्वास्थ्य तथा जनसत्त्या मन्त्रालयले नवनियुक्त मन्त्री निशा मेहता को नेतृत्वमा २१ जना विशेषज्ञ चिकित्सकलाई उनीहरूको मूल दरबन्दीमा फिर्ता पठाएको हो । मन्त्रालयका अनुसार पहिलो चरणमा १४ जना र दोस्रो चरणमा थप ७ जना गरी कुल २१ जनालाई फिर्ता गरिएको छ ।

काजको नाममा प्रभाव प्रयोग गर्दै राजधानी तथा अन्य सुगम क्षेत्रमा बस्ने प्रवृत्ति संस्थागत जस्तै बन्दै गएको थियो। यसले दुर्गम र क्षेत्रीय अस्पतालहरूमा विशेषज्ञ चिकित्सकको गम्भीर अभाव सिर्जना गरेको थियो। मन्त्री मेहताले पदभार सम्हालेलगत्तै "जहाँ दरबन्दी, त्यही सेवा" नीति कडाइका साथ लागू गर्ने निर्णय गर्दै यो कदम चालेकी हुन् ।

निर्णयअनुसार गजेन्द्रनारायण सिंह अस्पतालमा ५ जना, डडेलधुरा अस्पतालमा ४ जना र नारायणी अस्पतालमा ५ जना चिकित्सकलाई फिर्ता पठाइएको छ। विभिन्न प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वीर अस्पताल, कान्ति बाल अस्पताल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायतबाट चिकित्सकहरूलाई उनीहरूको दरबन्दी भएको अस्पतालमा फर्काइएको हो।

यससँगै दोस्रो चरणमा थप ७ जना विशेषज्ञलाई भेरी अस्पताल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, भरतपुर अस्पताल, नारायणी अस्पताल लगायतमा पठाइएको छ। मन्त्रालयले यस कदमलाई स्वास्थ्य सेवा प्रणाली सुदृढ बनाउने महत्वपूर्ण पहलको रूपमा लिएको छ ।

तर, तल्लो तहका कर्मचारीको काज फिर्ता भइरहँदा माथिल्लो तहका केही चिकित्सक भने अझै मन्त्रालयमै कार्यरत रहेको तथ्यले प्रश्न उठाएको छ। मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकी, डा. सरोज शर्मा र डा. कृष्णप्रसाद पौडेलजस्ता उच्च तहका चिकित्सक दरबन्दी छोडेर अन्य निकायमा कार्यरत रहेको उल्लेख गरिएको छ।

**अन्तर्राष्ट्रिय**

## अमेरिकी प्रतिवेदनको निस्कर्ष : इरान अझै क्षमतावान

पछिल्लो अमेरिकी गुप्तचर मूल्यांकनअनुसार इरानसँग अझै पनि उल्लेखनीय सैन्य आक्रमण क्षमता कायम रहेको देखिएको छ । प्रतिवेदनका अनुसार अमेरिका र इजरायलले एक महिनाभन्दा अघि गरेको व्यापक आक्रमणपछि पनि इरानका करिब आधा मिसाइल प्रक्षेपण प्रणाली सुरक्षित रहेका छन् भने हजारौँ एकतर्फी आक्रमण ड्रोन अझै प्रयोगका लागि तयार अवस्थामा छन् । गुप्तचर जानकारीसँग परिचित एक स्रोतका अनुसार इरान अझै पनि सम्पूर्ण क्षेत्रमा ठूलो क्षति पुर्‍याउन सक्षम रहेको बताइएको छ ।

यसैगरी, इरानसँग ठूलो सत्त्यामा मिसाइलहरु र तटीय रक्षा प्रणालीका रूपमा प्रयोग हुने क्रुज मिसाइलहरूको उल्लेखनीय हिस्सा अझै बाँकी रहेको जनाइएको छ । यी क्षमता होर्मुज जलडमरूमध्य नियन्त्रणका लागि महत्वपूर्ण मानिन्छन् ।

# विद्यार्थी संगठन हटाउने प्रकृया शुरू

**दमक/** सरकारले जारी गरेको शासकीय सुधारसम्बन्धी कार्ययोजनामा समावेश भए अनुसार सरकारले दलिय विद्यार्थी संगठन हटाउने प्रकृया अघि बढाएको छ । कार्ययोजनाको सुझाव कार्यान्वयनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रक्रिया सुरु गरेको जनाएको हो ।शासकीय सुधारसम्बन्धी कार्ययोजनामा समावेश भएका शिक्षासँग सम्बन्धित विषयलाई कार्यान्वयन गर्न लागिएको मन्त्रालयले जनाएको छ । मन्त्रीपरिषद्ले चैत १३ गते पारित गरेको कार्ययोजनामा शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप अन्त्य गरिने, विद्यार्थीको वास्तविक आवाज नसमेटिने र शैक्षिक गुणस्तर गिरावटको समस्या समाधान गर्न ६० दिनभित्र विद्यालय/विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी सङ्गठनका संरचना हटाउने विषयलाई प्राथमिकतामा राखिएको छ ।

दलीय विद्यार्थी सङ्गठनको संरचना हटाएर ९० दिनभित्र विद्यार्थी परिषद् शैलीको संयन्त्रको विकास गर्ने कार्ययोजनामा उल्लेख गरिएको छ । विश्वविद्यालयबाट लिइने स्नातक र स्नातकोत्तर परीक्षाको नतिजा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उपलब्ध गराएको क्यालेन्डर अनुसार सार्वजनिक गर्ने, विद्यार्थीलाई स्नातकसम्मको अध्ययन गर्न नागरिकता नचाहिने गरी विश्वविद्यालयले आवश्यक कार्यविधिगत व्यवस्था तत्काले गर्ने विषय पनि कार्ययोजनामा समेटिएको छ ।

कक्षा ५ सम्मका विद्यार्थीलाई आन्तरिक परीक्षा लिने कार्य आगामी शैक्षिक सत्रदेखि बन्द गर्ने विषय पनि कार्ययोजनाको मुख्य प्राथमिकतामा छ । मन्त्रालयका सहसचिव तथा प्रवक्ता शिवकुमार सापकोटाले कार्ययोजना सार्वजनिक भएसँगै मन्त्रालयले आन्तरिक छलफल गरेर कार्यान्वयनको मोडालिटीबारे छलफल सुरु गरिसकेको बताएका छन् । यसअघि मन्त्रालयमा कार्यभार समाल्ने समयमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले निर्वाचनका समयमा राष्ट्रिय स्वतन्त्र पार्टीले जनतामाझ गरिएका वाचा पूरा गर्ने गरी काम गर्ने बताएका थिए । चुनावी वाचापत्रलाई मुख्य मार्गचित्र बनाएर काम गर्ने बताउँदै मन्त्री पोखरेलले पार्टीको वाचापत्रमा उल्लिखित सय वटा प्रतिबद्धता कार्यान्वयन गर्न सरकार पूर्ण रूपमा केन्द्रित हुने जनाएकाछन् । तर विभिन्न दल सम्वद्ध विद्यार्थी संगठनहरूले विद्यार्थी संगठन हटाउने विषयको विरोध गर्दै आएका छन् ।

## 'किर्ते धन्दा' मा दस्तखत र छाप नक्कली बनाउने पक्राउ

**विराटनगर/** यातायात व्यवस्था कार्यालय विराटनगरका अधिकृतको सरकारी छाप र हस्ताक्षर किर्ते गरी सवारी साधनको 'ब्लू बुक' सवारी दर्ता किताब नवीकरण गर्ने एक बिचौलिया पक्राउ परेका छन् ।

कार्यालय परिसरमै बसेर सरकारी कागजात किर्ते गरेको आरोपमा प्रहरीले विराटनगर–६ का ३७ वर्षीय कमलकुमार स्वर्णकारलाई नियन्त्रणमा लिएको हो ।

विराटनगर–४ खार्जीस्थित यातायात कार्यालयमा लेखापढीको काम गर्दै आएका स्वर्णकारले सेवाग्राहीबाट राजस्ववापतको रकम बुझ्ने तर कार्यालयमा बुझाउनुको साटो आफैंले नक्कली छाप र हस्ताक्षर प्रयोग गरी नवीकरण गर्ने गरेको खुलेको छ । मोरङ प्रहरीका सूचना अधिकारी डीएसपी लीलाराज लामिछानेका अनुसार स्वर्णकारले चैत १६ गते को ३९ प ९५७९ नम्बरको मोटरसाइकलको ब्लू बुकमा छैटौं तहका अधिकृतको दस्तखत र कार्यालयको छाप किर्ते गरेको फेला परेपछि उनलाई पक्राउ गरिएको हो ।

'स्वर्णकारले सेवाग्राहीसँग नवीकरणवापतको राजस्व रकम उठाउने र कार्यालयमा दाखिला नगरी आफैंले नक्कली रसिद नम्बर राखेर छाप र दस्तखत गर्ने गरेको पाइयो,' डीएसपी लामिछानेले भने, 'राजस्वको रकम आफैं राख्ने र फर्जी कागजात थमाएर सेवाग्राहीलाई ठगी गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट देखिन्छ ।'

पक्राउ परेपछि स्वर्णकारको घरमा गरिएको खानतलासीका क्रममा प्रहरीले थप ११ थान सवारी दर्ता किताब बरामद गरेको छ । ती बिलबुकहरू पनि अवैध तरिकाले नवीकरण गरिएको हुनसक्ने प्रहरीको अनुमान छ । प्रहरीले स्वर्णकारविरूद्ध मोरङ जिल्ला अदालतबाट म्याद थप गरी सरकारी छाप दस्तखत किर्ते र ठगी मुद्दामा अनुसन्धान अघि बढाएको छ ।

***ओलीलाई .....*** एकजना अधिकृतका अनुसार ओलीले बयानमा भनेका छन्, 'हुलदङ्गा नियन्त्रणमा लेथल हतियारबाट गोली चलाउने आदेश मैले दिएको होइन, त्यो जिल्ला तहबाटै हुने कुरा हो ।'

जेनजी आन्दोलनबारे भदौ २२ मा राति सुरक्षा निकायसँग छलफल गरेको बताउँदै ओलीले त्यसबेला आफूलाई '६–७ हजार जेनजी भेला हुने र प्रदर्शन शान्तिपूर्ण हुने' भनेर ब्रिफिङ गरिएको जिकिर गरेका छन् । बयानमा ओलीले भनेका छन्, 'सुरक्षा प्रमुखहरूसँग छलफल हुँदा शान्ति सुरक्षा मिलाउनु भनेको थिएँ ।'

हुलदङ्गा नियन्त्रण गर्दा हताहती हुन नदिन प्रधानमन्त्रीको हिसाबले निर्देशन दिइएको ओलीले बयानमा बताएका छन् । बल प्रयोगको विषय प्रधानमन्त्रीको कार्यक्षेत्रमा नपर्ने उल्लेख गर्दै ओलीले भनेका छन्, 'कम क्षति हुनेगरी गर्नु भनेको हो, बल प्रयोग गर्ने निर्णय मेरो विषय नै होइन ।' बिहीबार राति १२ बजेतिर ओलीसँगको बयान पुरा भएको काठमाडौं जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख रामहरि का“ लेले बताएका छन् ।

***कांग्रेस...*** आङदेम्बे नै दलको नेता बन्ने परिस्थिति बनेको बताएका छन् ।

आङदेम्बे मध्यमार्गी र समन्वयकारी भूमिकाका कारण सबै पक्षलाई स्वीकार्य बनेका छन्। उनले सबै नेतासँग छलफल गरी सकारात्मक प्रतिक्रिया पाएको बताएका छन् । यसैबीच, कोसी प्रदेशमा शक्ति सन्तुलन कायम गर्ने रणनीतिसमेत यसमा जोडिएको देखिन्छ ।

आङदेम्बेले संसदमा सम्बोधन गर्दै परिवर्तन र सुधारको पक्षमा पार्टी प्रतिबद्ध रहेको जनाउँदै सभापति थापाको नेतृत्वलाई समर्थन गरेका छन् । कांग्रेसको इतिहासमा लिम्बू समुदायबाट संसदीय दलको नेता बन्ने अवसर उनको लागि महत्वपूर्ण उपलब्धि हुने बताइएको छ ।

***रतुवा...*** सचेत नागरिक, प्रहरी–प्रशासन सबैको संयुक्त प्रयासको खाँचो रहेको थापाले बताएका छन् । जिल्ला समन्वय समिति प्रमुख विश्वनाथ बरालले दमक तथा कमल क्षेत्रमा हुने रतुवा खोलाको उत्खनन् ठेक्का लाग्न नसकेको जनाए । ठेक्का नलाग्दा अवैध निकासी हुने गरेको गुनासो पछि संयुक्त रुपमा अनुगमन गरिएको उनले जनाएका छन् । अन्य कतिपय स्थानीय तहहरूले ढुंगा, गिटी, रोडा लगायतका खोलाजन्य सामाग्री उत्खननका लागि ठेक्का लगाएको जानकारी पाएको उनले जानकारी दिएका छन् ।

## युवा उद्यमीलाई लक्षित गरी "उदय परियोजना"

**झापा/** कोशी प्रदेशमा युवा उद्यमीलाई लक्षित गरी 'उदय परियोजना' सञ्चालनमा आएको छ । बिहीबार मुख्यमन्त्री हिक्मतकुमार कार्कीको उपस्थितिमा इटहरीमा परियोजनाको सम्झौता गर्दै सुरुवात गरिएको हो । नवप्रवर्तन कार्यक्रममार्फत प्रदेशका युवा उद्यमीलाई लक्षित गरी उदय परियोजना सञ्चालन गरिएको प्रदेश सरकारले जनाएको छ । परियोजनाको यो कार्यक्रममा लागनी गर्नका लागि कोशी प्रदेश सरकारले राष्ट्रिय बाणिज्य बैंक र नेपाल ग्लोबल आइएमइ बैंकलाई छनौट गरेर सम्झौता गरिएको हो ।

यी बैंकबाट साना, मझौला युवा उद्योगीले सहजै ३० लाखदेखि तीन करोडसम्म सहुलियत ब्याजदरमा ऋण पाउने छन् । यसका लागि प्रदेश सरकारले परियोजना मार्फत दुई साझेदार बैंकबाट करिब ८ अर्ब रुपैयाँ ऋण लगानी गर्ने तयारी गरेको छ ।

स्विस सरकारको सहयोगमा उक्त परियोजनामार्फत नयाँ साना तथा मझौला उद्यम गर्न चाहनेलाई लगानी गर्न लागिएको हो । यो सम्झौतापछि स्विस सरकारले ३० करोड र प्रदेश सरकारले ३० करोड गरेर ६० करोडको 'ग्यारेन्टी फण्ड' राखिनेछ । त्यस्तै १४ करोड रुपैयाँ प्रदेश सरकार र १४ करोड स्विस सरकारको सहयोगमा 'च्यालेन्जिङ फण्ड' पनि राखिने छ ।

***सात दिन.....*** पक्राउ गरेको हो । जेनजी आन्दोलनका क्रममा खड्काको घरमा प्रदर्शनकारीले तोडफोड र आगजनी गरेका थिए । आगजनीपछि उनको घरमा नेपाली र विदेशी नोट जलेको भिडियोहरू सामाजिक सञ्जालमा सार्वजनिक भएका थियो । कतिपय सग्ला नोट प्रदर्शनकारीले लगेका तस्बिर र भिडियो पनि सार्वजनिक भएको थियो ।

खड्काको घरमा जलेको अवस्थामा भेटिएको रकमको विषयमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुसन्धान गरेको थियो । अहिले भने सीआईबीले पत्राचार गरेपछि सीआईबीले अनुसन्धान अघि बढाएको छ । १५ चैतकै राति एमालेकी लुम्बिनी प्रदेश सांसद रेखा शर्मा पक्राउ परिन् । काठमाडौं उपत्यका अपराध अनुसन्धानको टोलीले उनलाई पक्राउ गर्‍यो । उनले एक बालिकालाई घरमा राखेर बालश्रम शोषण गरेको आरोप लागेका थियो । ६ वर्षदेखि सांसद शर्माको घरमा काम गरेकी बालिकाले आफूमाथि कुटपिट हुने गरेको बताएकी थिइन् ।

यस्तै १७ चैतमा जेनजी आन्दोलन हुँदाका काठमाडौंका सीडीओ छविलाल रिजाल पक्राउ परे । उनलाई पनि कार्की आयोगले करवाही सिफारिस गरेको थियो । जेनजी आन्दोलनमा दमन गरेपछि उनी काठमाडौंको प्रमुख जिल्ला अधिकारीबाट एक महिना नपुग्दै बहिर्गमन भएका थिए । गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनमा काठमाडौंका तत्कालीन सीडीओ रिजालले आफूले घुँडाभन्दा तललक्षित रबरको गोली चलाउने मौखिक आदेश दिएको तर सिधै गोली चलाउने आदेश भने नदिएको बताएका छन् । रिजाल भने सरकारी वकिल कार्यालयबाट हाजिरी जमानीमा रिहा भएका छन् । यसै क्रममा पछिल्लो पटक शक्तिकेन्द्रहरूसँग पहुँच बनाएका व्यवसायी दीपक भट्ट समेत पक्राउ परे । सम्पत्ति शुद्धीकरण अनुसन्धानमा उनी तानिएका हुन् । प्रहरीको केन्द्रीय अन्सन्धान ब्युरो (सीआईबी) ले व्यवसायी भट्टलाई पक्राउ गरेको हो । सम्पत्ति शुद्धीकरण अनुसन्धानअघि बढेसँगै अध्यागमन विभागले व्यवसायी भट्टलाई अध्यागमनको कालोसूचीमा राखेको थियो । विभागले गत सोमबार अध्यागमन विभागलाई पत्र पठाएर उनको पासपोर्ट रोक्का राख्न अनुरोध गरेको थियो ।

## हायस र बस एकापसमा ठोक्किदा ९ जना घाइते

झापा । काठमाडौंबाट काँकडभिट्टातर्फ आउँदै गरेको हायस बससंग ठोक्किदा ९ जना घाइते भएका छन् ।

सिन्धुलीमा बस र हायस एक आपसमा ठोक्किएका हुन् । काठमाडौंबाट काँकडभिट्टातर्फ आउँदै गरेको बा ४ ख ५०५२ नम्बरको हायस र खुर्कोटबाट काठमाडौंतर्फ जाँदै गरेको ०१–००६ख २२९७ नम्बरको बस बीपी राजमार्ग अन्तर्गत सुनकोसी गाउँपालिका–५ साइटारमा एकआपसमा ठक्कर खाएका थिए । दुर्घटना तीन जना गम्भीर घाइते भएका छन् । दुर्घटनामा हायस चालक ललितपुर महानगरपालिका–१५ बस्ने बर्ष ३८ का गजबहादुर मगर, बसका चालक दोलखा बैतेश्वर गाउँपालिका–६ बस्ने बर्ष २६ का सुमन सुबेदीसहित नौ जना घाइते भएको इलाका प्रहरी कार्यालय खुर्कोटका प्रहरी निरीक्षक बसन्तबहादुर भुजेलले जानकारी दिए ।

भुजेलका अनुसार हायस चालक मगरको टाउकोमा चोट लागेको छ । यस्तै काभ्रे मन्दनदेउपुर नगरपालिका–९ बस्ने बर्ष ३० की अनिता न्यौपाने, सोही ठाउँका बर्ष ३२ का प्रबिन तिवारी घाइते भएका छन् । यस्तै ठेगाना नखुलेका प्रशान्त केसीको अनुहार र खुट्टामा चोट लागेको छ भने उनको अवस्था गम्भीर रहेको जनाइएको छ । चारै जना घाइतेलाई थप उपचारका लागि धुलिखेल अस्पताल पठाइएको छ । यस्तै झापा शिवसताक्षी नगरपालिका–८ बस्ने बर्ष ९ की संस्कृति यादव, सोही ठाउँका बर्ष ३२ की कल्पना राई, झापा मेचीनगर नगरपालिका–१३ बस्ने बर्ष ३८ का अमेश खड्का, झापा भद्रपुर नगरपालिका–१ बस्ने बर्ष २२ का अमृत रानामगर, झापा कचनकवल गाउँपालिका–७ बस्ने बर्ष ४२ का दिनप्रसाद सिग्देल घाइते भएका छन् । उनीहरूको आत्मीय सामुदायिक अस्पताल खाल्टेमा उपचार भइरहेको ।

## सहकारीका अध्यक्ष राईसहित ४ जना पक्राउ

**झापा/** प्रहरीले गोरखा सेभिङ एण्ड क्रेडिट सहकारीका अध्यक्ष इमानसिंह राईसहित ४ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा प्रमुख कार्यकारी अधिकृत लालबाबु क्षेत्री र अविन कुमार राई तथा पूर्वलेखा सदस्य कर्ण राई पनि रहेका छन् । उनीहरू विभिन्न ठाउँबाट विभिन्न मितिमा पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी मनोहर भट्टले बताए ।

उनीहरुलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी परिसर ललितपुर पठाइएको छ । उनीहरूमाथि प्रवाह भएको ऋण कमसल धितो रहेको, बिना धितो र बैंकमा पहिले नै रोक्का रहेको धितोलाई आधार बनाएर ऋण प्रवाह गरेको आरोप छ ।

जसका कारण असुल हुन नसकि बचत फिर्ता गर्न नसकिएको देखिएको प्रहरीले जनाएको छ ।

**खेल समाचार**

# विराट गोल्डकपमा ८ टिम सहभागी हुने

**विराटनगर/** चैत २८ गतेबाट सुरु हुने विराट गोल्डकपमा भारतको अल भारखण्ड बिर्सा मुन्डा एकेडेमीसहित आठ टोलीको सहभागिता हुने भएको छ ।

आयोजक विराट गोल्डकप ट्रष्टका सदस्य तथा प्रवक्ता धनकुमार लामाले वैशाख ५ सम्म प्रतियोगिता हुने बताए । गोल्डकपमा मोरङ जिल्लाको लिग विजेता टोली सम्राट स्पोर्टिङ क्लबले चौथो खेलका क्रममा नयाँ वर्षको पहिलो दिन वैशाख १ गते भारखण्डको टोलीको सामना गर्नेछ ।


बिजेता भए ट्रफीसहित ११ लाख रुपैयाँ हात पार्ने गोल्डकपको उद्घाटन खेलमा पूर्वविजेता झापा ११ र विभागिय टोली त्रिभुवन आर्मी क्लबबीच हुनेछ ।

विराटनगरस्थित नोबेल मेडिकल कलेजले मुख्य प्रायोजन गरिरहेको गोल्डकपको दोस्रो खेलमा अर्को विभागीय टोली सशस्त्र प्रहरी बलको टोली एपीएफ एफसीले सहिद स्मारक 'ए' डिभिजन विजेता तथा साविक उपविजेता चर्च ब्वाइजसँग स्पर्धा गर्ने छ ।

साविक विजेता थ्रीस्टार क्लबको अनुपस्थिति रहने गोल्डकपको तेस्रो खेलमा नेपाल पुलिस क्लबले २०८० सालको विजेता मच्छिन्द्र फुटबल क्लबको सामना गर्ने प्रवक्ता लामाले जानकारी दिए । सहिद मैदानमा हुने दिवारात्री खेलका लागि मैदान तयारीको काम भइरहेको छ । गोल्डकपको प्रवर्द्धनमा कोशी प्रदेश सरकार, विराटनगर महानगर, राष्ट्रिय खेलकुद परिषद् रहेका छन् ।

२०१८ सालबाट सुरु भएको महेन्द्र गोल्डकप २०६७ र ०६८ सालपछि विराट गोल्डकपमा रूपान्तरण भएको हो । ट्रष्टले भने यस पटकबाट विराट गोल्डकपलाई पुरानै अवस्थाबाट अघि बढाउने गरी ३८ औं संस्करणका रूपमा गणना गर्ने जनाएको छ ।


ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक : देवीप्रसाद सिटौला (९८४२७६०२६५/९८२४९७९९८५)
बिर्तामोड: राजकुमार श्रेष्ठ ९८०६०१०४१०



आमा डेन्टल केयर प्रा. लि.
दमक–६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बर: 023-577816



हाम्रा उपलब्ध डाक्टरहरु
१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)
४ डा. साहिद अलि (MDS- Maxillofacial Surgeon)
नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा



ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२



ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू
१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने ।
५) कृत्रिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा भिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको दाँउमा टिङ्ग्रा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुन्निने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सल्यक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने ।
१५ ) दाँतको OPD सेवा ।

आवद्ध डाक्टरहरू
डा. हेम राज गैरे
डा. सि.पि. गैरे
डा. राहुल गुप्ता
डा. विवेक शिंह
डा. टंक न्यौपाने
डा. स्मारक दाहाल
डा. मोलिका श्रेष्ठ
डा. काश्मी श्रेष्ठ
डा. सायारा ढकाल
डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक–५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३–५७५९०६)


प्रधान सम्पादक/प्रकाशक: गङ्जबहादुर दाहाल, कार्यालय: दमक–५, झापा, फोन: ०२३–५७०२७२, प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल